गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

मासिक
# जनस्वास्थ्य बुलेटिन

| आर्थिक वर्षः ४ | अंकः ३२ | महिनाः ३२ | भाद्र २०८२ |
|---|---|---|---|

## शापू (Seasonal Hyper Acute Pain Uvitis) रोग विशेष

ढोरपाटन नगरपालिका वडा नं २ को खलावाङ समुदायमा रहेको ५६ घरधुरी मध्येको एकमा हजुरआमा, आमा, बुवा र दिदि सहित ५ जनाको परिवारमा बस्ने ६ वर्षीय बालक डेविड थापामा शापुको संक्रमण पुष्टि भएको छ। आँखामा समस्या आएपछि बुर्तिबाङ अस्पताल आएका उक्त बालकको आँखा उपचार इकाईमा कार्यरत स्वास्थ्यकर्मीले लेखाजोखा गरेपछि शापू भएको हुन सक्ने अनुमान गरि प्राथमिक उपचार पश्चात तुरुन्त थप उपचारका लागी पोखरा हिमालयन अस्पताल प्रेषण गरिएको थियो।

राति गाउँमा लागेको मेला हेरेर फर्किएपछी आँखामा समस्या भएको भनेर पानीले आँखा सफा गरि सुतेका बालक बिहान उठ्न नसके पछि बुर्तिबाङ अस्पताल लगिएका उक्त बालकलाई शापू नै भएको कुरा हिमालयन आँखा अस्पतालको खोजपडतालबाट पुष्टि भएको हो। हाल उक्त बालकको उपचार पश्चात अवस्था सुधार हुने क्रममा छ। कुनैपनि ढिला नगरी स्वास्थ्य समस्या उत्पन्न हुनासाथ तुरुन्त स्वास्थ्य संस्थाको सम्पर्कमा आएको तथा विशेषज्ञ सेवाको लागि समयमै पोखरा पुर्याई स्वास्थ्य सेवा प्राप्त गरेको हुनाले समस्या थप जटिल हुनबाट जोगिएको छ। परिवारका सदस्यको स्वास्थ्य सम्बन्धि चेतनास्तर राम्रो भएको कारणले पनि स्वास्थ्य समस्याको समयमै निदान भई भविष्यमा उत्पन्न हुने जनस्वास्थ्य सम्बन्धि समस्याको समयमै समाधान गर्ने अवसर पनि प्राप्त भएको छ।

# के हो शापू रोग?

# सेतो पुतली देखि सावधान रहौं

## शापू कस्तो रोग हो ?

शापू एक दृष्टिनाशक रोग हो । विशेष गरी नेपालको मध्य पहाडी भेगमा शापू महामारीको रूपमा देखिने गरेको छ । यो रोगको लक्षणहरू देखापरेको ४८ देखि ७२ घण्टा सम्म उपचार हुन नपाए आँखाको दृष्टि गुम्न सक्छ । यो सबै उमेरमा देखिन्छ विशेषगरी बालबालिकामा बढी देखिन्छ ।


## शापू रोग के कारणले लाग्छ ?



हालसम्म सेतो पुतली (मोथ) लाई शापूको कारक मानिएको छ तथापि कतिपय अवस्थामा भने सेतो पुतलीको संसर्गमा  नआएका बिरामीहरूलाई पनि यो रोग देखा परेको छ । अन्य जीवाणु र बिषाणुले समेत यो रोग लागेको पाइएको छ ।

## शापू रोगका लक्षणहरू के-के हुन् ?

- एक्कासि एउटा मात्र आँखा रातो हुनु र चिप्रा नलाग्नु
- उज्यालोमा हेर्न नसक्नु
- आँखा दुख्नु
- उपचारमा ढिलो भएमा कालो नानीमा सेतो देखिनु
- आँखाको दृष्टिमा तत्कालै कमी हुनु



## शापूको रोकथाम  कसरी गर्ने ?

- सेतो पुतलीको संसर्गबाट टाढै रहने
- धेरै उज्यालो सेतो बत्ती नबाल्ने
- साँझ र राती झ्याल ढोका बन्द गर्ने
- सम्भव भएसम्म झ्याल ढोकामा जाली हाल्ने
- सुत्ने कोठामा बत्ती निभाएर वा मधुरो बत्ती बालेर झुल लगाएर सुत्ने

समयमै उपचार भएमा यो रोग निको हुन्छ तर ढिला हुन गएमा बिरामीको  दृष्टि गुम्न  वा आँखा सुकेर जान सक्छ । यो रोग लागेको शंका लागेमा तुरुन्तै अस्पताल वा आँखा उपचार केन्द्र जाऔं । आफूखुसी औषधी वा जडिबुटिको प्रयोग नगरौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# शापु
## (Seasonal Hyper Acute Pan Uvitis)

### परिचय




शापु (SHAPU) एक दृष्टि–नाशक आँखाको रोग हो । यो रोग प्रायः नेपाली बालबालिकाहरुमा वि. स. २०३२ (सन् १९७५) देखि देखापरेको छ । प्रायः वर्षायामपछि भदौदेखि मंसिर महिनासम्म विशेष गरि नेपालको मध्य पहाडी भेगमा शापु महामारीको रुपमा देखा पर्ने गरेको छ । यो रोगको लक्षणहरु देखा परेको २४ देखि ४८ घण्टा भित्रै उपचार हुन नपाए आँखाको दृष्टि गुम्न सक्ने तथ्याङ्कले पुष्टि गरेको छ ।

### कारण



हालसम्म सेतो पुतली (मोथ) लाई शापुको कारकको रुपमा प्रायः जोडिने गरिएको छ तथापि कतिपय अवस्थामा भने सेतो पुतलीको संसर्गमा नआएका बिरामीहरुमा पनि यो रोग देखा परेको छ । साथै अन्य कारणहरुमा सुक्ष्म जिवाणु एवंम् विषाणु समेत रहेको पाईएको छ । तर हालसम्म यो रोगको कारक यहि नै हो भनेर यकिन भएको छैन ।

### लक्षण तथा चिन्हहरू

- एक्कासी एउटा आँखा रातो हुनु ।
- चिप्रा नलाग्नु ।
- उज्यालोमा हेर्न नसक्नु ।
- आँखाको दृष्टिमा तत्कालै कमी हुनु।
- आँखाको दुखाई सामान्य वा बढि हुनु ।
- उपचारमा ढिला भएमा कालो नानीमा सेतो देखिनु ।



### रोकथाम

शापु रोग लाग्नबाट बच्नका लागि

- सेतो पुतली (मोथ) को संसर्गबाट टाढै रहने ।
- धेरै उज्यालो, सेतो बत्ति नबाल्ने ।
- साँझ र राती झ्याल ढोका बन्द गर्ने ।
- सम्भव भएसम्म झ्याल ढोकामा जाली हाल्ने ।
- सुत्ने कोठामा बत्ती निभाएर वा मधुरो बत्ती बालेर झुलभित्र मात्र सुत्ने ।

### निदान तथा उपचार

यो रोगको निदान तथा उपचार आँखा विभाग/अस्पतालहरुमा मात्र गर्ने गरिन्छ । शापुको आकस्मिक उपचार सेवा, आँखाभित्र औषधीको सुई लगाएर तथा जटिल अवस्थामा आँखाको शल्यक्रिया समेतबाट गर्ने गरिन्छ । समयमा नै उपचार भएमा मात्र आँखा निको हुन्छ तर ढिला हुन गएमा बिरामीको दृष्टिगुम्न सक्छ वा आँखा सुकेर जान सक्छ ।



### नियन्त्रण

- रोगको लक्षण देखा परेमा वा शंका लागेमा तुरुन्तै आँखा अस्पतालमा जाने ।
- आफूखुशी कुनै पनि आँखाको औषधी तथा जडिबुटि नराख्ने ।
- आँखा स्वास्थ्यकर्मीहरुको सल्लाह बमोजिम उपचार गर्ने ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

## शापू रोग निदान भएपछी गरिएका जनस्वास्थ्यका प्रयासहरुः

- समुदायमा एकजना बालकमा संक्रमण पुष्टि भएपछी अन्य मानिसमा पनि संक्रमण भएको हुनसक्ने भएकोले संक्रमण रोक्न तथा थप जटिलता हुनबाट बचाउनका लागि ढोरपाटन नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा उक्त वडाको स्वास्थ्यसंस्था अन्तर्गतका स्वास्थ्यकर्मी एवं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत शापू संक्रमण गराउने सेतो पुतली (moth) तथा शापूको लक्षण, रोकथाम तथा निदान बारे समुदायस्तरीय सचेतना कार्यक्रम संचालन गरिएको छ।
- प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ तथा ढोरपाटन नगरपालिकाको समन्वयमा समुदायमा शापुको contact tracing गरिएको छ।
- बागलुङ जिल्लाकस सम्पूर्ण स्थानीय तहमा शापू रोग सम्बन्धि विद्यालय एवं समुदाय स्तरमा सचेतना कार्यक्रम गर्नको निमित्त स्वास्थ्य सचेतना सामाग्री (IEC materials) सहित पत्राचार गरि स्थानिय तहबाट सचेतनाका कार्यक्रम संचालन गरिएको छ ।

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

### विभिन्न स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखाको एकीकृत अनुगमन

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङले जिल्लाभित्रका विभिन्न स्थानीय तह र स्वास्थ्य संस्थाहरूसँग समन्वय, सहयोग तथा स्वास्थ्य सेवाको प्रभावकारिता मूल्यांकन गर्ने उद्देश्यले नियमित रुपमा संयुक्त अनुगमन कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस अनुगमन मार्फत स्थानीय तहमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको कार्यान्वयन, रेकर्डिङ/रिपोर्टिङको अवस्था, बजेटको उपयोग, सेवाप्रवाहमा देखिएका समस्या तथा सुधारका उपायबारे छलफल हुन्छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ मार्फत जिल्लाका विभिन्न स्थानीय तह (नगरपालिका र गाउँपालिका) अन्तर्गत रहेका स्वास्थ्य शाखा एवं स्वास्थ्य संस्थाहरूको सेवा प्रवाह, बजेट व्यवस्थापन र समन्वय अवस्थाको मूल्यांकन गर्न संयुक्त अनुगमन टोलीद्वारा विभिन्न मितिमा जिल्लास्थित स्थानीय तहमा रहेका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूको अनुगमन गरिएको छ।

**अनुगमनको उद्देश्यः**

- स्थानीय तह र स्वास्थ्य संस्थाहरू बीच समन्वयको वातावरण सृजना गर्ने।
- गत आ.व. ०८१।८२ को स्वास्थ्य कार्यक्रमहरूको प्रगति र आ.व. २०८२/८३ को कार्ययोजनाको समीक्षा गर्ने।
- स्थानीय तहले स्वास्थ्य क्षेत्रमा खर्च गरेको बजेटको अवस्था विश्लेषण गर्ने।
- स्वास्थ्य सेवा व्यवस्थापनमा आएका समस्याहरू र प्रदेश जनस्वास्थ्य कार्यालयको भूमिका बारे
- छलफल गर्ने।
- सेवा प्रदान र रिपोर्टिङ प्रणाली (HMIS, EMHIS) को अवस्था अध्ययन गर्ने।
- स्थानीय स्तरबाट प्रदेश जनस्वास्थ्य कार्यालयका लागि सुझाव संकलन गर्ने।

## क्षयरोग कार्यक्रमको आ.व. २०८१/८२ को वार्षिक समिक्षा कार्यक्रम

बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहमा क्षयरोग कार्यक्रमको आ.व. २०८१/८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ। क्षयरोग कार्यक्रमका विभिन्न सूचक तथा बिरामीको दर्ता, वर्गीकरण, उपचार, क्षयरोगबाट बच्ने उपाय र

सुशुप्त केशको स्क्रिनीङ, DHIS 2 तथा ETB मा केन्द्रिक रहेर गरिएको उक्त वार्षिक समिक्षा कार्यक्रममा गत आ.व. को समिक्षा संगसंगै यस आ.व. मा गरिने कार्यक्रमको कार्ययोजना समेत निर्माण गरिएको थियो।




















## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा आ.व. २०८१/८२ को वार्षिक समिक्षा सम्पन्न

बागलुङ जिल्लास्थित सम्पूर्ण स्थानीय तहमा आ.व. २०८१/८२ मा सम्पादन गरिएका कार्यक्रम, स्वास्थ्य सूचकहरुको मुल्यांकन तथा चालु आ.व. को लक्ष्य तथा कार्ययोजना सहितको वार्षिक समिक्षा कार्यक्रम विभिन्न सरोकारवाला निकायका बिचमा सम्पन्न गरिएको छ।

## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

### बागलुङ नगरपालिका

बाग्लुङ नगरपालिका स्वास्थ्य शाखाबाट २०८२ भाद्र महिनामा सम्पादन गरिएका मुख्य क्रियाकलापहरू

१. मासिक समीक्षा बैठक तथा डाटा भेरिफिकेसन

२. स्वास्थ्य कार्यक्रमहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम

३. डेङ्गु रोगको नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान

४. आत्महत्या न्यूनीकरण दिवसको लागि पूर्वतयारी बैठक तथा छलफल कार्यक्रम

५. स्वास्थ्य कार्यक्रमहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयारी

६. आमा समूह तथा सामुदायिक महिला स्वयंसेविकाहरूको मासिक बैठक तथा छलफल कार्यक्रम

७. विद्यालय स्वास्थ्य शिक्षा, आइरन फोलिक एसिड खुवाउने कार्यक्रम कार्यक्रम इत्यादि ।

### गलकोट नगरपालिका

- १.आर्थिक बर्ष २०८१/०८२ मा गलकोट नगरपालिका स्वास्थ्य शाखा तथा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले सम्पन्न गरिएका कार्यक्रम तथा प्रवहा गरिएका सेवाहरु समेटिएकव बार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।

२•गलकोट नगरपालिका वडा नं २ नरेठाँटि स्वास्थ्य चौकीमा प्रसूती प्रतिक्षा घरको उद्घाटन ।

३•क्षयरोग कार्यक्रमको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न

४•वर्षातको समयमा संक्रमण उच्च हुनसक्ने रोगहरु जापनिज इन्सिफलाईटिस, सापु तथा स्क्रब टाईफसको बारेमा समुदाय, विद्यालय तथा सरोकारवालाहरुको बिच स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न ।

५•गलकोट नगर अस्पतालमा नेपाल बैंक लिमिटेडसँगको समन्वयमा ए.टि.एम सेवा संचालन गरिएको ।

६•सम्पूर्ण स्वास्थ्य संस्था स्तरिय डाटा भेरीफिकेसन तथा छलफल ।

## जैमिनी नगरपालिका

- जैमिनी न.पा.बाट २०८२ भाद्र महिनामा संचालित कार्यक्रमहरू

१. आ.व.०८१/०८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षा तथ योजना तर्जुमा कार्यक्रम सम्पन्न ।

२. डेंगी रोग बिरुद्ध लार्भा खोज र नष्ट गर अभियान सम्पन्न

३. जैदी स्वास्थ्य चौकीमा CBIMNCI कार्यक्रमको Onsite coaching कार्यक्रम सम्पन्न ।

४. आ.ब.०८१/०८२ को क्षयरोग कार्यक्रमको वार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न ।

५. बिद्यालयका किसोरीको लागि IFA वितरण

## ढोरपाटन नगरपालिका

- ढोरपाटन- भदौ

१. डेङ्गु रोग बिरुद्दको खोज र नस्ट गर समुदाय स्तरमा अभियान सन्चालन ।

२. श्रावण महिनाको मासिक बैठक तथा डाटा भ्यालिडेसन समीक्षा सन्चालन ।

३. क्षयरोग कार्यक्रमको वर्षिक कोहर्ट विश्लेषण कार्यक्रम ।

४. आ.व. ०८१।८२ मा सम्पादित स्वास्थ्य कार्यक्रम हरुको बार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न।

५. शापु रोग रोकथामको लागि समुदाय तथा विधालय स्वास्थ्य शिक्षा तथा अभिमुखिकरण कार्यक्रम ।

६. किशोरिहरुलाइ नियमित आइरन तथा फोलिक एसिड वितरण कार्यक्रम।

## निसिखोला गाउँपालिका

निसीखोला गा.पा. बाट २०८२ साल भाद्र महिनामा सम्पन्न गरेका कार्यक्रमहरू:-

१. मासिक समिक्षा बैठक ।

२. क्षयरोग कार्यक्रमको वार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न ।

३. डेङ्गु, शापू र पानी जन्य रोग सम्बन्धि बिधालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न ।

४. कर्मफलाईटस को समन्वयमा निशुल्क स्वास्थ्य शिबिर सन्चालन ।

## बडीगाड गाउँपालिका

- बडीगाड स्वास्थ्य शाखाबाट २०८२ भाद्र महिनामा सम्पादन गरिएका मुख्य क्रियाकलापहरू:
- १. स्वास्थ्य संस्था स्तरिय मासिक समीक्षा बैठक तथा डाटा भेरिफिकेसन
- २. आर्थिक वर्ष २०८१/८२ को सम्पादित स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम
- ३. आर्थिक वर्ष २०८१/८२ को स्वास्थ्य कार्यक्रमको वार्षिक प्रतिवेदन
- ४. विद्यालय स्वास्थ्य शिक्षा, आइरन फोलिक एसिड खुवाउने कार्यक्रम
- ५. सम्बोधन परियोजना (FAIRMED/NGDF) को समन्वयमा आधारभूत स्वास्थ्य सेवा केन्द्र दर्लिङ अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य

स्वयंसेबिका हरुलाई उपेक्षित उष्ण प्रदेशिय रोगहरु सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन

| काठेखोला गाउँपालिका | बरेङ गाउँपालिका |
|---|---|
| • काठेखोला गाउँपालिका स्वास्थ्य शाखा बागलुङबाट २०८२ भाद्र महिनामा गरिएका मुख्य गतिविधिहरु<br>१• आ.व. २०८१/८२ को स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षा तथा कार्ययोजना निर्माण कार्यक्रम सम्पन्न<br>२• क्षयरोग कार्यक्रमको वार्षिक समीक्षा एवं कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न<br>३• लेखानी स्वास्थ्य चौकीमा स्याटेलाइट क्याम्प सम्पन्न<br>४ • पाला र भीमापोखरा स्वास्थ्य चौकीमा RUSG कार्यक्रम सम्पन्न<br>५• लेखानी स्वास्थ्य चौकीमा CBIMNCI Onsite Coaching कार्यक्रम सम्पन्न | • १.सबै स्वास्थ्य संस्थाहरुको आयोजनामा डेङ्गी रोग सम्बन्धि सचेतता कार्यक्रम<br>२. बाटाकाचौर र हुग्दिशिर स्वास्थ्यचौकीद्वारा डेङ्गी सम्बन्धी बजार अनुगमन, सरसफाइ र सरोकारवालाहरु सङ्ग अन्तरक्रिया<br>३.सुखौरा स्वास्थ्यचौकी बाहेक सबै स्वास्थ्यचौकीहरुको गत आ व २०८१/०८२ को वार्सिक समिक्षा सम्पन्न तथा उत्कृष्ट कर्मचारी छनौट र पुरस्कार<br>४.स्वास्थ्य तर्फको वार्सिक प्रतिवेदन सार्वजनिक<br>५.बर्थिङ सेन्टर तथा स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रमको कार्यान्वयनको लागि आवश्यकता पहिचान सम्पन्न<br>६.स्वास्थ्य तर्फको खरिद गुरुयोजना प्रस्ताव |

| तमानखोला गाउँपालिका | ताराखोला गाउँपालिका |
|---|---|
| १. श्रावण महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको मासिक समीक्षा बैठक तथा डाटा सबै स्वास्थ्य संस्थाहरुको<br>२. संस्थाहरूद्वारा डेङ्ु रोग बिरुद्दको खोज र नस्ट गर तथा सरसफाई अभियान सन्चालन<br>३..आ. व २०८१/८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम<br>४. जनजागृति मा बि बोङ्गादोभानमा बिध्यार्थीहरुको आँखा परीक्षण तथा शापु रोग रोकथामको लागि विधालय स्वास्थ्य शिक्षा तथा अभिमुखिकरण<br>५.मानसिक स्वास्थ्य तथा मास कन्भर्जन डिसअर्डर ब्यवस्थापन सम्बन्धी विद्यालयका शिक्षक तथा बिध्यार्थीहरुलाई अभिमुखिकरण । | • ताराखोला स्वास्थ्य शाखा अन्तर्गत २०८२ भदौ महिनामा सम्पादन गरेका मुख्य कार्यहरुः<br>१. साउन महिनाको पालिका स्तरमा स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन<br>२. पालिकाको वार्षिक समिक्षा कार्यक्रममा स्वास्थ्यको प्रगति प्रस्तुतिकारण<br>३. हिल स्वास्थ्य चौकीमा MNH Onsite Coaching कार्यक्रम सम्पन्न<br>४. सबै स्वास्थ्य संस्थाहरुमा खोप, वृद्दि अनुगमन, सरसफाई सेसन लगाएत नियमित कार्यक्रमहरु सञ्चालन भैरहेको।<br>५. किशोर किशोरीहरुलाई आइरन चक्की वितरण |